पाठ ३३

१. परमेश्वरले मोसासँग जलिरहेको पोथ्रामा कुराकानी गर्नुहुँदा के प्रतिज्ञा गर्नुभयो ?
- परमेश्वरले मोसासँग उहाँले फेरि तिनलाई सिनाइ पर्वतमा ल्याउनेछु भनी प्रतिज्ञा गर्नुभएको थियो ।

२. के परमेश्वरले मोसालाई सिनाइ पर्वतमा फिर्ता ल्याउनेछु भनी गर्नुभएको प्रतिज्ञा कायम राख्नुभयो ?
- हो, राख्नुभयो ।

३. पवर्तको टुप्पामा परमेश्वरले मोसासँग के कुरा गर्नुभयो ?
- परमेश्वर इज्रेलीहरूसँग एउटा करार बाँध्न चाहनुहुन्थ्यो ।

४. परमेश्वरले इज्रेलीहरूसँग बाँध्न चाहेको करार के थियो ?
- परमेश्वरले यो भन्नुभयो कि यदि इज्रेलीहरूले परमेश्वरको आज्ञा माने भने उहाँले तिनीहरूलाई आशिष् दिनुहुनेछ ।

५. यदि इज्रेलीहरूले उहाँले भन्नुभएका सबै कुरा पालना गरेनन् भने परमेश्वरले तिनीहरूलाई के गर्नुहुनेथियो ?
- परमेश्वरले तिनीहरूलाई सजाय दिनुहुनेथियो ।

६. त्यसपछि इज्रेलीहरूले परमेश्वरसँग के भने ?
- इज्रेलीहरूले परमेश्वरसँग उहाँले दिनुभएका सबै आज्ञा पालन गर्छौं भने ।

७. के इज्रेलीहरूले तिनीहरू परमेश्वरका सबै आज्ञा पालन गर्नेछन् भनी ठानेका थिए ?
- थिए ।

८. इज्रेलीहरूले किन तिनीहरू परमेश्वरका सबै आज्ञा पालन गर्न सक्नेछन् भनी विचार गरे ?
- किनभने तिनीहरू घमण्डी र अभिमानी बनेका थिए ।

९. के इज्रेलीहरू परमेश्वरक सबै आज्ञाहरू पालन गर्न सक्थे ?
- सक्दैनथे ।

१०. किन इज्रेलीहरू परमेश्वरका सबै आज्ञाहरू पालन गर्न सक्दैनथे ।

- किनभने तिनीहरू आदम र हव्वाका सन्तान भएर जन्मिएका थिए ।
- किनभने तिनीहरू पापको दास भएर जन्मिएका थिए ।
- किनभने तिनीहरू शैतानको दास भएर जन्मिएका थिए ।

११. के परमेश्वरलाई इज्रेलीहरूले उहाँका सबै आज्ञाहरू पालन गर्न सक्नेछैनन् भन्ने थाहा थियो ?
- थियो ।

१२. यदि परमेश्वरलाई इज्रेलीहरूले उहाँका सबै आज्ञाहरू पालन गर्न सक्ने छैनन् भन्ने थाहा थियो भने उहाँले किन तिनीहरूसँग करार बाँध्न चाहनुभयो ?
- परमेश्वरले इज्रेलीहरूसँग करार बाँध्न चाहनुभयो किनकि उहाँ तिनीहरूलाई सिकाउन चाहनुहुन्थ्यो ।

१३. परमेश्वर इज्रेलीहरूलाई के कुरा सिकाउन चाहनुहुन्थ्यो ?
- परमेश्वर इज्रेलीहरूलाई तिनीहरू परमेश्वरका सबै आज्ञा पालन गर्न सक्षम छैनन् भनी सिकाउन चाहनुहुन्थ्यो ।
- परमेश्वर इज्रेलीहरूलाई तिनीहरू परमेश्वरका सबै आज्ञा पालन गर्न सक्दैनन् भनी सिकाउन चाहनुहुन्थ्यो किनभने तिनीहरू पापमा जन्मिएका थिए ।
- परमेश्वर इज्रेलीहरूलाई तिनीहरू परमेश्वरका सबै आज्ञा पालन गर्न सक्दैनन् भनी सिकाउन चाहनुहुन्थ्यो, केवल परमेश्वरले मात्रै तिनीहरूलाई अनन्तको मृत्युबाट बचाउन सक्नुहुन्थ्यो ।

१४. यदि सिनाइ पर्वतलाई छुन्थे भने इज्रेलीहरू किन मर्ने थिए ?
- किनभने परमेश्वर पर्वतमा ओर्लनुहुँदैथियो ।
- किनभने परमेश्वर पवित्र हुनुहुन्छ ।
- किनभने परमेश्वर सबै पापलाई घृणा गर्नुहुन्छ ।
- किनभने परमेश्वर सबै पापको सजाय मृत्यु दिनुहुन्छ ।

१५. गर्जन, बिजुली चम्किनु, धुँवा र आगोको सङ्केत के थियो ?
- यही कि परमेश्वर पवित्र हुनुहुन्छ ।
- यही कि परमेश्वर सबै पापलाई घृणा गर्नुहुन्छ ।
- परमेश्वर सबै पापको सजाय मृत्यु दिनुहुन्छ ।

- परमेश्वरसँग कुरा गरिसकेपछि मोसा पर्वतको फेदिमा ओर्लिएका थिए ।

- पर्वत नजिकको आकाशमा मेघ गर्जन जारी रह्यो ।
- पर्वतको नजिक बजुली चम्किइरह्यो ।

- बाक्लो धुँवाले पर्वत भरिइरह्यो ।
- पूरा पर्वत थरर काँपिरह्यो ।

- इज्रेलीहरू धेरै डराएको हुनाले पर्वतको पर भागे ।

- त्यसपछि परमेश्वरले इज्रेलीहरूसँग पर्वतबाट कुरा गर्नुभयो ।

- पर्वतको टाकुराबाट परमेश्वरले इज्रेलीहरूलाई के दिनुभयो ?
- दश आज्ञाहरू ।

आउनुस् प्रस्थान २०:१-२ पद पढौं ।

तब परमप्रभुले भन्नुभयो, [2] "म परमप्रभु तिमीहरूको परमेश्वर हुँ। मैले तिमीहरूलाई मिश्र देशबाट बाहिर ल्याएँ जहाँ तिमीहरू कमारा-कमारीहरू थियौ।

- यहाँ परमेश्वरले दिनुभएको पहिलो आज्ञा छ ।

आउनुस् प्रस्थान २०:३ पद पढौं ।

[3] "तिमीहरूले मबाहेक अरू कुनै देवता पूज्नु हुँदैन।

- पहिलो आज्ञामा परमेश्वरले उहाँमात्रै हाम्रो परमेश्वर हुनुहुन्छ भन्नुभयो ।

- किन परमेश्वर मात्रै हामो परमेश्वर हुनुपर्छ ?
- किनभने केवल एकमात्रै परमेश्वर हुनुहुन्छ ।
- किनभने यहाँ अरू कुनै ईश्वर छैन ।

- जब हामी आत्माहरूलाई प्रार्थना गर्छौं तब हामी आत्माहरूलाई परमेश्वरभन्दा माथि राख्छौं र आज्ञा भङ्ग गर्छौं ।

- जब हामी टुनामुनामा विश्वास गर्छौं तब हामी टुनामुनालाई परमेश्वरभन्दा माथि राख्छौं र आज्ञा भङ्ग गर्छौं ।

- जब हामी परमेश्वरको मार्ग छोडेर आफ्नै बाटोतिर लाग्छौं तब हामी आफैलाई परमेश्वरभन्दा माथि राख्छौं र आज्ञा भङ्ग गर्छौं ।

- जब हामी परमेश्वरलाई हाम्रो जीवनको हरेक दिनको आफ्नो परमेश्वर बनाउँदैनौं तब हामी आज्ञा भङ्ग गर्छौं ।

- परमेश्वरले भन्नुभयो सबै मानिसहरूले यो आज्ञा भङ्ग गर्छन् ।

- यो आज्ञा भङ्ग गर्नुको सजाय आत्मिक आगो दहको मृत्यु हो ।

- परमेश्वरले दिनुभएको दोस्रो आज्ञा यहाँ लेखिएको छ ।

आउनुस् प्रस्थान २०:४-५ पद पढौं ।

4 "तिमीहरूले कुनै मूर्ति बनाउनु हुँदैन। कुनै प्रकारको मूर्ति अथवा नक्सा नबनाऊ जो आकाशमा अथवा तल पृथ्वीमाथि, पृथ्वी मुनि पानीमा छ। 5 कुनै पनि प्रकारको मूर्ति त्यस्तो प्रतिरूपको पूजा नगर र त्यसको अगाडी ननिहुर। म परमप्रभु तिमीहरूका परमेश्वर हुँ। म मेरा मानिसहरूले अरू देवताहरूको पूजा गरेको घृणा गर्छु। यदि कसैले मलाई घृणा गर्छ भने, तिनीहरूका सन्तानहरू, नाती-नातिनाहरूलाई म तिनीहरूको अपराधका निम्ति जिम्मेवार ठह्राउनेछु।

- हामीले किन परमेश्वर जस्तै देखिने मूर्ति कुँद्नु हुँदैन ?

- किनभने परमेश्वर आत्मा हुनुहुन्छ ।
- किनभने परमेश्वर मानिसजस्तो, वा जनावरजस्तो वा चराजस्तो हुनुहुन्न ।

- जब हामी परमेश्वरलाई पूज्नुको साटो उहाँले सृष्टि गर्नुभएका थोकहरूलाई पुज्छौं तब हामीले परमेश्वरभन्दा माथि उहाँले सृष्टि गर्नुभएका थोकहरूलाई राख्छौं र परमेश्वरको आज्ञा भङ्ग गर्छौं ।

- जब हामी परमेश्वरलाई हरेक दिन पूज्दैनौं र हाम्रो आफ्नै वा अरू कसैको सिद्धान्तलाई पछ्याउँछौं जब हामी परमेश्वरको आज्ञा भङ्ग गर्छौं ।

- परमेश्वरले भन्नुभयो सबै मानिसहरूले यो आज्ञा भङ्ग गर्छन् ।

- यो आज्ञा भङ्ग गर्नुको सजाय आत्मिक आगो दहको मृत्यु हो ।

- परमेश्वरले दिनुभएको तेस्रो आज्ञा यहाँ लेखिएको छ ।

आउनुस् प्रस्थान २०:७

7 "तिमीहरूले परमप्रभु तिमीहरूको परमेश्वरको नाउँ दुरूपयोग गर्नु हुँदैन। जसले परमप्रभुको नाउँको दुरूपयोग गर्छन् तिनीहरूलाई बाँच्न दिनु हुँदैन।

- तेस्रो आज्ञामा परमेश्वरले हामीलाई उहाँको नाउँ व्यर्थैमा नलिनू भनी आज्ञा दिनुभयो ।

- हामीले किन परमेश्वरको नाउँको आदर गर्नुपर्छ ?

- किनभने परमेश्वरको नाउँ र परमेश्वर एकै हुनुहुन्छ ।

- किनभने परमेश्वरको नाउँ र परमेश्वर एक हुनुहुन्छ ।

- जब हामी परमेश्वरको नाउँ व्यर्थैमा लिन्छौं तब हामी परमेश्वरलाई आदर गरिरहेका हुँदैनौं र आज्ञा भङ्ग गर्छौं ।

- जब हामी परमेश्वरको नाउँ वेवास्तापूर्वक लिन्छौं तब हामी परमेश्वरलाई नै वेवास्ता गरिरहेका हुन्छौं र आज्ञा भङ्ग गर्छौं ।

- एकजना बालकले घरका जेष्ठ सदस्यको आदर नगर्नु उसको लागि नराम्रो हो ।
- कसैले परमेश्वरको आदर नगर्नु उसको लागि धेरै नराम्रो हो ।

- परमेश्वरले भन्नुभयो सबै मानिसहरूले यो आज्ञा भङ्ग गर्छन् ।

- यो आज्ञा भङ्ग गर्नुको सजाय आत्मिक आगो दहको मृत्यु हो ।

- परमेश्वरले दिनुभएको चौथो आज्ञा यहाँ छ ।

आउनुस् प्रस्थान २०:८-११ पद पढौं ।

[8] “विश्राम दिनलाई एक विशेष दिन भनी मान्नु पर्छ भनी सधैँ ध्यानमा राख। [9] हप्तामा छ दिन
आफ्नो काम गर। [10] तर सातौं दिन परमप्रभु तिमीहरूका परमेश्वरको सम्मानमा विश्रामको दिन
हो। यसर्थ त्यो दिन कसैले पनि काम गर्नु हुँदैन तिमीहरूका कमारा-कमारीहरू, छोरा-छोरीहरू अनि
तिमीहरूका पशुहरू तथा तिमीहरूका शहरहरूमा भएका विदेशीहरूले पनि काम गर्नु हुँदैन।
[11] किनभने परमप्रभुले छ दिनमा आकाश, पृथ्वी, समुद्र अनि तिनीहरूमा भएका प्रत्येक चीज सृष्टि
गर्नु लगाउनु भयो अनि सातौं दिनमा उहाँले विश्राम लिनु भयो। यस प्रकारले विश्राम दिनलाई
परमप्रभुले आशीर्वाद दिनु भयो। त्यस दिनलाई परमप्रभुले विशेष दिन बनाउनु भयो।

- चौथो आज्ञामा परमेश्वरले सातौं दिनलाई विशेष दिनको रूपमा राखेर विश्राम दिन तय गर्न भन्नुभयो ।

- हामीले किन साताको एक दिन विश्राम लिनुपर्छ ?

- किनभने परमेश्वरले स्वर्ग र पृथ्वीको सृष्टि छैठौं दिनमा गर्नुभयो र सातौं दिन विश्राम लिनुभयो ।

- परमेश्वरले हामीलाई सातौं दिनमा विश्राम लिन भन्नुभयो ताकि हामी उक्त दिन यो सबै सृष्टि परमेश्वरको हो भनी विचार गर्न सकौं ।

- हामीले विश्राम लिएनौं र परमेश्वरको बारेमा सोचेनौं भने हामीले यो आज्ञा भङ्ग गर्छौं ।

- हामीले विश्राम लिएनौं र परमेश्वरले हाम्रो निम्ति गर्नुभएका सबै कुराको बारेमा सोचनौं भने हामीले यो आज्ञा भङ्ग गर्छौं ।

- परमेश्वरले भन्नुभयो सबै मानिसहरूले यो आज्ञा भङ्ग गर्छन् ।

- यो आज्ञा भङ्ग गर्नुको सजाय आत्मिक आगो दहको मृत्यु हो ।

- परमेश्वरले दिनुभएको पाँचौं आज्ञा यहाँ छ ।

आउनुस् उत्पत्ति २०:१२ पद पढौं ।

[12] “तिमीहरूले आफ्नो आमा-बाबुलाई आदर गर्नु पर्छ। यसो गर्यौ भने तिमीहरू परमप्रभु तिमीहरूको परमेश्वरद्वारा दिइने भूमिमा धेरै समयसम्म बाँच्न सक्नेछौ।

- पाँचौं आज्ञामा परमेश्वरले हामीलाई आफ्ना मातापिताको आदर गर्न भन्नुभयो ।

- हामीले किन आफ्ना मातापिताको आदर गर्नुपर्छ ।

- किनभने परमेश्वरले हामीलाई हाम्रा मातापिता हामीलाई हुर्काउनको निम्ति दिनुभयो ।

- हामीले आफ्ना पिताको आदर पूर्ण रूपले गरेनौं भने हामी यो आज्ञा भङ्ग गर्छौं ।

- हामीले आफ्नी माताको आदर पूर्ण रूपले गरेनौं भने हामी यो आज्ञा भङ्ग गर्छौं ।

- परमेश्वरले भन्नुभयो सबै मानिसहरूले यो आज्ञा भङ्ग गर्छन् ।

- यो आज्ञा भङ्ग गर्नुको सजाय आत्मिक आगो दहको मृत्यु हो ।

- परमेश्वरले दिनुभएको छैठौं आज्ञा यहाँ छ ।

आउनुस् प्रस्थान २०:१३ पद पढौं ।

[13] “तिमीहरूले कसैको हत्या गर्नु हुँदैन।

- छैठौं आज्ञमा परमेश्वरले हामीलाई अरूको हत्या नगर्नू भन्नुभयो ।

- हामीले किन अरूको हत्या गर्नुहुँदैन ?

- किनभने मानिसलाई जीवन दिने परमेश्वर हुनुहुन्छ र परमेश्वर मात्रै एक हुनुहुन्छ जसले जीवन लिनुहुन्छ ।

- यदि हामीले अरू मानिसलाई घृणा गर्छौं भने हामीले के गर्छौं भनी परमेश्वरले भन्नुभएको छ ?
- यदि हामीले अरू मानिसलाई घृणा गर्छौं भने हामीले उसको हत्या गर्छौं भनी परमेश्वरले भन्नुभएको छ ।

- हामी अरू मानिसलाई घृणा गर्छौं भने हामीले यो आज्ञा भङ्ग गर्छौं ।

- परमेश्वरले भन्नुभयो सबै मानिसहरूले यो आज्ञा भङ्ग गर्छन् ।

- यो आज्ञा भङ्ग गर्नुको सजाय आत्मिक आगो दहको मृत्यु हो ।

- परमेश्वरले दिनुभएको सातौं आज्ञा यहाँ छ ।

आउनुस् प्रस्थान २०:१४ पद पढौं ।

14 "तिमीले व्यभिचार गर्नु हुँदैन।

- सातौं आज्ञामा परमेश्वरले हामीलाई आफ्नो लोग्ने वा स्वास्नीबाहेक अरूसँग यौन सम्पर्न नगर्नू भन्नुभयो ।

- आफ्नो लोग्ने वा स्वास्नीसँग बाहेक अरूसँग किन यौन सम्पर्क गर्नुहुँदैन ?

- किनभने परमेश्वरले एकजना लोग्नेमानिसको लागि एकजना स्वास्नीमानिस दिनुभयो र एकजना स्वास्नीमानिसको लागि एकजना लोग्नेमानिस ।

- परमेश्वरका अनुसार यदि हामीले अर्को मानिसतर्फ हर्‍यौं र ऊसँग यौन सम्पर्क गर्न चाहयौं भने हामीले के गरेका हुन्छौं ?

- जब हामी अर्को मानिसलाई हेर्छौं र यौन सम्पर्क गर्ने लालसा राख्छौं तब हामी यो आज्ञा भङ्ग गर्छौं ।

- परमेश्वरले भन्नुभयो सबै मानिसहरूले यो आज्ञा भङ्ग गर्छन् ।

- यो आज्ञा भङ्ग गर्नुको सजाय आत्मिक आगो दहको मृत्यु हो ।

- परमेश्वरले दिनुभएको आठौं आज्ञा यहाँ छ ।

आउनुस् प्रस्थान २०:१५ पद पढौं ।

[15] "तिमीले कुनै चीज चोरी गर्नु हुँदैन।

- आठौं आज्ञामा परमेश्वरले हामीलाई चोरी नगर्नू भन्नुभयो ।

- हामीले किन अरूको सामान चोरी गर्नुहुँदैन ?
- किनभने परमेश्वरले तिनीहरूलाई आफ्ना सामानको मालिक बन्ने अधिकार दिनुभएको छ ।

- परमेश्वरका अनुसार यदि हामीले अरूको सामान चोर्ने भनी सोच्छौं भने हामीले के गरेका हुन्छौं ?

- परमेश्वरले भन्नुभएको छ यदि हामीले अरूका सामान चोर्ने भनी मनमा सोच्छौं भने हामी तयो चोरे बाराबर हुन्छ ।

- जब हामी अरू मानिसको सामान हेर्छौं र त्यो लिने लालसा गर्छौं तब हामीले परमेश्वरको आज्ञा उल्लङ्घन गरेका हुन्छौं ।

- परमेश्वरले भन्नुभयो सबै मानिसहरूले यो आज्ञा भङ्ग गर्छन् ।

- यो आज्ञा भङ्ग गर्नुको सजाय आत्मिक आगो दहको मृत्यु हो ।

- परमेश्वरले दिनुभएको नवौं आज्ञा यहाँ छ ।

आउनुस् प्रस्थान २०:१६
[16] "तिमीले अरूको विषयमा झूटो गवाही दिनु हुँदैन।

- नवौं आज्ञामा परमेश्वरले हामीलाई झूठो नबोल्नू भन्नुभयो ।
- हामीले किन झूठो बोल्नु हुँदैन ?

- किनभने झूठ परमेश्वरबाट आएको होइन ।
- किनभने झूठ पाप र शैतानबाट आएका हुन् ।

- परमेश्वरका अनुसार यदि हामीलाई सत्य थाहा छ तर त्यो भन्न सक्दैनौं भने हामीले के गरेका हुन्छौं ?

- परमेश्वरले भन्नुभयो यदि हामीलाई सत्य थाहा छ तर त्यो भन्न सक्दैनौं भने हामीले झूठो बोलिरहेका हुन्छौं ।

- परमेश्वरले भन्नुभयो सबै मानिसहरूले यो आज्ञा भङ्ग गर्छन् ।

- यो आज्ञा भङ्ग गर्नुको सजाय आत्मिक आगो दहको मृत्यु हो ।

- परमेश्वरले दिनुभएको दशौं आज्ञा यहाँ छ ।

आउनुस् उत्पत्ति २०:१७ पद पढौं ।

17 "तिमीहरूले छिमेकीहरूका घर, पत्नी, पुरूष अनि स्त्री, कमारा, कमारीहरू अथवा तिनीहरूको केही चीजहरूको चाहना गर्नु हुँदैन"

- दशौं आज्ञामा परमेश्वरले हामीलाई अरूको सामानको लालसा नगर्नू भन्नुभयो ।
- हामीले किन अरू मानिससँग भएको सामानको लालसा गर्नुहुँदैन ।
- किनभने परमेश्वरले नै अरू मानिसहरूलाई ती सामान दिनुभएको हो ।

- जब हामी अरू मानिससँग भएको चिजको लालसा गर्छौं तब हामी यो आज्ञा भङ्ग गर्छौं ।

- परमेश्वरले भन्नुभयो सबै मानिसहरूले यो आज्ञा भङ्ग गर्छन् ।

- यो आज्ञा भङ्ग गर्नुको सजाय आत्मिक आगो दहको मृत्यु हो ।

- परमेश्वरले इज्रेलीहरूलाई दिनुभएका दश आज्ञाहरू यिनै हुन् ।

- परमेश्वरले इज्रेलीहरूलाई दिनुभएका दश आज्ञाहरू सबै मानिसहरूका निम्ति दिनुभएका आज्ञाहरू हुन् ।

- परमेश्वरले दिनुभएका आज्ञाहरू कसैले पनि पूर्ण रूपले पालन गर्न सक्दैन ।

- हामी सबैले परमेश्वरका आज्ञा उल्लङ्घन गरेका छौं ।

- परमेश्वरले दिनुभएका दश आज्ञा उल्लङ्घन गर्नुको सजाय के हो ?
- अनन्त अग्निको दहको मृत्यु ।

- परमेश्वरले दिनुभएका दशमध्ये एउटा मात्रै आज्ञा उल्लङ्घन गर्नुको सजाय के हो ?
- अनन्त अग्निको दहको मृत्यु ।

- हामी परमेश्वरले दिनुभएका दशमध्ये एउटै आज्ञा पालन गर्न असमर्थ भयौं भने तापनि परमेश्वरले त्यो दशओटै आज्ञा उल्लङ्घन गरेको हो भन्नुभएको छ ।

- परमेश्वरले शैतानलाई स्वर्गबाट खेद्नुभन्दा पहिले उसले कतिचोटी उहाँको आज्ञा उल्लङ्घन गरेको थियो र उहाँले त्यसलाई जाक्न अनन्त अग्निको दह बनाउनुभयो ?
- केवल एकचोटि ।

- शैतानले केवल एकचोटि पाप गरेको हो तर पनि परमेश्वरले त्यसलाई मृत्युको सजाय दिनुभयो ।

- परमेश्वरले शैतानका सहयोगी शैतानहरूलाई स्वर्गबाट खेद्नुभन्दा पहिले तिनीहरूले कतिचोटी उहाँको आज्ञा उल्लङ्घन गरेका थिए र उहाँले तिनीहरूलाई जाक्न अनन्त आग्निको दह बनाउनुभयो ?
- केवल एकचोटि ।

- शैतानलाई पछ्याउने स्वर्गदूतहरूले केवल एकचोटि पाप गरेका हुन् तर पनि परमेश्वरले तिनीहरूलाई मृत्युको सजाय दिनुभयो ।

- परमेश्वरले आदम र हव्वालाई अदनको बगैंचाबाट खेद्नुभन्दा पहिले तिनीहरूले कतिचोटि परमेश्वरको आज्ञा उल्लङ्घन गरेका थिए ?
- केवल एकचोटि ।

- आदम र हव्वाले केवल एकचोटि पाप गरे तर पनि परमेश्वरले तिनीहरूलाई मृत्युको दण्ड दिनुभयो ।

- परमेश्वर यति पवित्र हुनुहुन्छ कि केवल एउटा पापको पनि दण्ड मृत्यु हुन्छ ।

- परमेश्वरका आज्ञाहरू शीशाझैं हुन् ।

- परमेश्वरका आज्ञाहरू कसरी शीशाझैं हुन् ?

- परमेश्वरका आज्ञाहरूले हामीलाई हाम्रा पाप हेर्न मद्दत गर्छन् ।
- परमेश्वरका आज्ञाहरूले हामीद्याई हाम्रा पाप देखाउँछन् ।

- परमेश्वरले हामीलाई किन उहाँका आज्ञाहरू दिनुभयो ?
- हामीलाई हाम्रो खराब चरित्र देखाउन, हाम्रो पापले भरिएको हृदय ।

- मानिसले उसको फोहरे चेहरा ऐना नहेरेसम्म नदेखेजस्तै हामीले पनि परमेश्वरका आज्ञाहरू नपढेसम्म हाम्रो खराब पापले भरिएको हृदय देख्न सक्दैनौं ।

- परमेश्वरले उहाँका आज्ञाहरू इज्रेलीहरूलाई तिनीहरूका खराब पापले भरिएको हृदय देखाउनको लागि दिनुभयो ।

- परमेश्वरले उहाँका आज्ञाहरू सबै मानिसहरूलाई तिनीहरूका खराब पापले भरिएको हृदय देखाउनको लागि दिनुभयो ।

- किनभने हाम्रा हृदयहरू खराब र पापले भरिएका छन् त्यसैले हामीले परमेश्वर नजिक आउन गर्नसक्ने कुरा केही पनि छैन ।

- किनभने हाम्रा हृदयहरू खराब र पापले भरिएका छन् त्यसैले हामीले परमेश्वरलाई स्वीकारयोग्य बन्न गर्नसक्नै कुरा केही पनि छैन ।

- हामी कहिल्यै पनि हाम्रो खराब, पापले भरिएको हृदय शुद्ध पार्न सक्दैनौं ।

- कसले मात्रै हाम्रो खराब, पापले भरिएको हृदय शुद्ध पार्न सक्नुहुन्छ ?

- केवल परमेश्वरले ।